आ.व. २०८१/०८२ बगनासकाली गाउँकार्यपालिकाका बैठक संख्या १

आज मिति २०८१।०४।०८ गतेका दिन यस बागनासाकाली गाउँ कार्यपालिकाको आ.व. ०८१/८२ को पहिलो बैठक गाउँपालिका अध्यक्ष श्री सरस्वती दर्लामी (चिदी) ज्यूको अध्यक्षतामा देहायको उपस्थिति तथा प्रस्तावहरुमा छलफल गरी निम्न बमोजिम निर्णय गरियो ।

उपस्थिति

| क्र.स. | वडा नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | - | श्री सरस्वती दर्लामी (चिदी) | अध्यक्ष | |
| २ | - | श्री हरि प्रसाद पाठक | उपाध्यक्ष | |
| ३ | ३ | श्री टिका बहादुर थापा | वडा अध्यक्ष(प्रवक्ता) | |
| ४ | १ | श्री शेर बहादुर चिदी | वडा अध्यक्ष | |
| ५ | २ | श्री तिर्थ प्रसाद भट्टराई | वडा अध्यक्ष | |
| ६ | ४ | श्री जित बहादुर कनौजे | वडा अध्यक्ष | |
| ७ | ५ | श्री ओम प्रकाश गैरे | वडा अध्यक्ष | |
| ८ | ६ | श्री लक्ष्मी प्रसाद अधिकारी | वडा अध्यक्ष | |
| ९ | ७ | श्री गण बहादुर बुढाथोकी | वडा अध्यक्ष | |
| १० | ८ | श्री मोतीलाल बस्याल | वडा अध्यक्ष | |
| ११ | ९ | श्री ठानेश्वर तिमिल्सिना | वडा अध्यक्ष | |
| १२ | २ | श्री गीता रेग्मी | का.पा. सदस्य | |
| १३ | ३ | श्री बसन्ती थापा | का.पा. सदस्य | |
| १४ | ५ | श्री खुमादेवी भट्टराई | का.पा. सदस्य | |
| १५ | ८ | श्री उमकला अर्याल | का.पा. सदस्य | |
| १६ | ३ | श्री तेज प्रसाद रसाली | का.पा. सदस्य | |
| १७ | ६ | श्री बोम लाल सुनार | का.पा. सदस्य | |
| १८ | - | श्री खेमराज छिनाल | सचिव | |

अन्य उपस्थिती

| क्र.स. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री कोशल राज पौडेल | लेखा अधिकृत | |
| २ | श्री सुजन घिमिरे | अधिकृत | |
| ३ | श्री यादव प्रसाद [illegible] | आ. ले. प. अधिकृत | |
| ४ | | | |

प्रस्तावहरु :

१. वार्षिक समिक्षा सम्वन्धमा ।
२. महालेखा परिक्षकको प्रतिवेदन वारे छलफल सम्वन्धमा ।
३. विपद व्यवस्थापन सम्वन्धमा ।
४. वार्षिक कार्ययोजना सम्वन्धमा ।
५. कार्यसम्पादन करार सम्झौता सम्वन्धमा ।
६. आर्थिक दायित्व सम्वन्धमा ।
७. विविध/समसामयिक

निर्णयहरु :

निर्णय नं. १. प्रस्ताव नं. १ माथि छलफल गर्दा आर्थिक वर्ष २०८०/०८१ मा भए गरेका कामकाजको सम्बन्धमा समिक्षा गरियो । साथै आर्थिक वर्ष २०८०/०८१ मा गाउँपालिकाका विषयगत शाखाहरुबाट सम्पन्न भएका कार्यक्रमको विवरण, वडा कार्यालय तथा स्वास्थ्य संस्थाहरुबाट सम्पादन भएका योजना तथा कार्यक्रमहरुको विवरण तयार पारी कार्यालयले तपसिलको मिति, समय र स्थानमा वार्षिक समिक्षा प्रस्तुत गर्ने निर्णय गरियो ।

तपसिल

मिति : २०८१/०४/१६ गते बुधवार
समय : विहान ११:०० वजे
स्थानः गाउँकार्यपालिकाको सभाहल ।
सहभागी : गाउँसभाका सदस्यहरु, कार्यालयका सम्पुर्ण कर्मचारीहरु, पत्रकार, वडा सचिव र स्वास्थ्य चौकीमा कार्यरत चौकी प्रमुख ।

निर्णय नं. २. प्रस्ताव नं. २ माथि छलफल गर्दा यस गाउँपालिकाको आ.व. २०७९/०८० को अन्तिम लेखा परिक्षण प्रतिवेदन अनुसार बेरुजु घटाउन सम्बन्धित वडा कार्यालय, उपभोक्ता समिति, शाखा प्रमुख लगायत सम्वन्धितहरुलाई जानकारी गराइएको बेरुजु असुल उपर गर्न सम्बन्धित व्यक्ति वा संघ संस्थालाई पुनः ताकेता गरी असुल उपरका लागि सबैले आ-आफ्नो क्षेत्रबाट कार्य गर्ने निर्णय गरियो ।

निर्णय नं. ३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा वर्षायामको समयमा भएको वर्षाले पालिका क्षेत्र भित्रका मोटरवाटोमा पुगेको क्षतिको प्राविधिक कर्मचारीहरुवाट लागत अनुमान तयार गराई बाढी पहिरोका कारण अवरुद्ध सडक मिति २०८१/०४/०४ गते डोजर भाडामा लिई तिन महिना सम्म डोजर संचालन गर्ने सम्बन्धी प्रकाशित सूचनालाई स्वीकृति गर्ने निर्णय गरियो । साथै विपदको समयमा तत्काले मानवीय सहायता सहयोग मापदण्ड मस्यौदा समितिले पेश गरेको राहत सामग्रीको